आज मिति २०७३ साल जेष्ठ २५ गतेका दिन यस रत्ननगर न.पा. को बोर्ड बैंठक प्रमुख एवं कार्यकारी अधिकृत  श्री काशी राम गैरे ज्यूको अध्यक्षतामा देहायका शाखा प्रमुखहरुको उपस्थितिमा बस्यो ।

**उपस्थिति :**

१. प्रमुख एवं कार्यकारी अधिकृत श्री काशीराम गैरे, र.न.पा. कार्यालय द

**अन्य उपस्थिति :**

१. आर्थिक प्रशासन शाखा प्रमुख श्री सीताराम पोखरेल, र.न.पा. कार्यालय द
२. योजना शाखा प्रमुख ई.श्री प्रकाशचन्द्र ढुङ्गाना, र.न.पा. कार्यालय द

३. सा.वि. शाखा प्रमुख श्री तेजेन्द्रनाथ लामिछाने, र.न.पा. कार्यालय द
४. प्रशासन शाखा प्रमुख श्री उर्मिला तमाङ्ग दाहाल, र.न.पा. कार्यालय द
५. भूकम्प सुरक्षा तथा नक्सा शाखा, ई.श्री राजु अर्याल, र.न.पा. कार्यालय द
६. आ.ले.प. शाखा प्रमुख, श्री राजेश गुरुङ्ग, र.न.पा. कार्यालय द
७. जिन्सी तथा खरिद व्यवस्थापन प्रमुख, श्री नवराज तिवारी, र.न.पा. कार्यालय द
८ राजश्व प्रशासन प्रमुख, श्री पुष्पराज आचार्य, र.न.पा. कार्यालय द
९. सूचना शाखा प्रमुख श्री लिलानाथ अर्याल, र.न.पा कार्यालय द
१०. ने.न.क.ए. इकाई समिति रत्ननगरका अध्यक्ष श्री राजेन्द्र महतो द
११ शहरी शासन विज्ञ श्री भरत प्रसाद वन्जारा द
१२. सव ईन्जिनियर श्री शंकर बहादुर कुँवर द

**निर्णय:**

**निर्णय नं. १:** ईलाका प्रहरी कार्यालय, प्रहरी बीट निर्माण जिरौना, रत्ननगर १० को प्राप्त पत्रानुसार उक्त प्रहरी बीटको छाना छाउने प्रयोजनको लागि खर्च भएको रु. २८,५९२।३९ (अठ्ठाईस हजार पाँचसय बयानव्वे रुपैया पैसा उनान्चालिस मात्र) निकासाका लागि माग भै आएकाले उल्लेखित रकम यस न. पा. को आ. व. २०७२।०७३ को विविध आकस्मिक कोषबाट खर्च हुने गरी लागत सहभागिता स्वरुप उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. २:** यस न. पा. ले आ. व. २०६८।०६९ देखि ठेक्का प्रकृयाद्धारा विज्ञापन कर असुल गर्दै आईरहेको र सो ठेक्का रुट्स एडभरटाईजिङ्ग, विराटनगर उपमहा न. पा. लाई पाँच वर्षको लागि दिईएकोमा आ. व. २०७३।०७४ देखि २०७५।०७६ सम्म तीन वर्षको लागि मिति २०७३।०१।२७ को टिप्पणी आदेश प्रकृयाद्धारा आकृति एडभरटाईजिङ्ग, विराटनगर उपमहानगर न. पा. ४ लाई दिईएकोमा सोलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३:** नगरपालिकाको राजश्व परिचालन तथा राजश्व सुधार कार्ययोजना प्रशिक्षण कार्यक्रमलाई यस न. पा. को आ. व. २०७२।०७३ को कर्मचारी एवं राजनितिक दललाई सकारात्मक सोच क्षमता विकास कार्यक्रम शिर्षकबाट व्यय हुने गरी मिति २०७३।०२।२८ देखि २०७३।०२।३१ गतेसम्म संचालन गर्ने निर्णय गरियो ।